ठाकुरबाबा नगरपालिकाका प्रमुख श्री तिलकराम लम्सालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णयहरु गरियो।

- आ. व. २०८१।०८२ को बैठक सङ्ख्याः १६
- कुल बैठक संख्याः २५०
- यस कार्यकालको बैठक संख्याः ८४

मितिः २०८२।०३।०४ गते बुधवार
स्थानः ठाकुरबाबा नगरपालिकाको सभा हल
समयः दिनको ०२:०० बजे

<u>उपस्थितिः</u>

| क्र. सं. | पदाधिकारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री तिलक राम लम्साल | अध्यक्ष | |
| २. | श्री विना कुमारी भट्टराई | सदस्य | |
| ३. | श्री निमराज खनाल | सदस्य | |
| ४. | श्री कमल प्रसाद चपाई | सदस्य | |
| ५. | श्री श्रीकृष्ण थारु | सदस्य | |
| ६. | श्री अमिन थारु | सदस्य | |
| ७. | श्री शम्भु प्रसाद थारू | सदस्य | |
| ८. | श्री जय प्रसाद पौडेल | सदस्य | |
| ९. | श्री कलम बहादुर विष्ट | सदस्य | |
| १०. | श्री टेक बहादुर बडुवाल सिजापति | सदस्य | |
| ११. | श्री राधा चौधरी | सदस्य | |
| १२. | श्री सरिता थारू | सदस्य | |
| १३. | श्री राम रानी थारू | सदस्य | |
| १४. | श्री सुस्मा खड्का | सदस्य | |
| १५. | श्री रिता कुमारी चौधरी | सदस्य | |
| १६. | श्री सावित्रा थापा | सदस्य | |
| १७. | श्री मोहन सुनार | सदस्य | |
| १८. | श्री शिव बहादुर वि. क. | सदस्य | |
| १९. | श्री पुजा सुनार | सदस्य | |
| २०. | श्री नारायण प्रसाद ढकाल | सचिव | |

<u>सहजीकरणः</u>

| | | | |
|---|---|---|---|
| २१. | श्री सुदिप सिंह सुनार | वरिष्ठ लेखा अधिकृत | |
| २२. | श्री ओम बहादुर राना क्षेत्री | वरिष्ठ प्रशासकीय अधिकृत | |
| २३. | श्री अनन्त राज सुवेदी | प्रशासकीय अधिकृत | |
| २४. | श्री सुनिल पोखेल | सहायक पाँचौं | |

विक्रम सम्वत् २०८२ साल असार ४ गते बुधवार दिनको २:०० बजे नगर कार्यपालिकाको कार्यालयमा बसेको २५० औं कार्यपालिका बैठकबाट भएका निर्णयहरू देहाय बमोजिम रहेका छन्।

<u>प्रस्तावहरू:</u>

१. बैठकको समीक्षा सम्बन्धमा।

२. आ. व. २०८२।०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा।

३. "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्रको नवीकरण सम्बन्धमा।

४. दीर्घ रोगीहरुको नामावली स्वीकृति तथा उपचार खर्च निकासा सम्बन्धमा।

५. ठाकुरद्वारा मन्दिर व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा।

६. गणेश मन्दिर मर्मत सम्भार तथा व्यवस्थापन सम्बन्धमा।

७. "प्रोफेसनल एकाउन्टेन्ट" विषयक १६९६ घण्टे तालिम कार्यक्रमको तेस्रो र अन्तिम किस्ता रकम भुक्तानी सम्बन्धमा।

८. "विद्यालयको सिकाइ सुधार कार्यविधि, २०८०" को दोस्रो संशोधन, २०८२ सम्बन्धमा।

९. G2G माध्यमबाट योजना कार्यान्वयन गर्ने सम्बन्धमा।

<u>निर्णयहरु:</u>

१. ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको यस अघि बसेको बैठकले गरेका निर्णयहरूको कार्यान्वयनको अवस्था तपसिल बमोजिम रहेको पाइयो।

<u>तपसिल:</u>

| क्र. सं. | प्रस्तावहरु | कार्यान्वयनको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | भएको | नभएको | प्रक्रियामा रहेको | |
| १ | जग्गाको नापजाँच सम्बन्धमा | ✓ | | | जिल्ला समितिमा सिफारिस गरिएको |
| २ | बाल विवाहमुक्त वडा घोषणा सम्बन्धमा | ✓ | | | वडा नं. ३ र ६ लाई घोषणा गरिएको |
| ३ | भूमिसुधार तथा मालपोत कार्यालयलाई सहयोग गर्ने सम्बन्धमा | ✓ | | | भूमिसुधार तथा मालपोत कार्यालयलाई सहयोग गरिएको |
| ४ | अपुग बजेट व्यवस्थापन गरी मर्मत गर्ने सम्बन्धमा | ✓ | | | कार्यान्वयन भई रहेको |
| ५ | "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्रको नवीकरण सम्बन्धमा | ✓ | | | ईजाजतपत्र नवीकरण गरिएको |
| ६ | बिक्री प्रवर्धनमा आधारित अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८२ सम्बन्धमा | ✓ | | | पारित भई राजपत्रमा प्रकाशन भएको |
| ७ | मिनी टिलर वितरण सम्बन्धमा | ✓ | | | मिनि टिलरका लागि अनुदान दिइएको |
| ८ | योजना संशोधन सम्बन्धमा | ✓ | | | वडा नं. १ र ८ को योजना संशोधन गरिएको |
| ९ | स्वच्छ चुलो कार्यक्रमका लागि लागत साझेदारी सम्बन्धमा | ✓ | | | १००० थान विद्युतीय चुलो प्राप्त भई वितरणको क्रममा रहेको |
| १० | बर्दिया गैंडा क्याम्पको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०८२ सम्बन्धमा | ✓ | | | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरिएको |
| ११ | रकम भुक्तानी सम्बन्धमा | ✓ | | | रकम भुक्तानी गरिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | अपुग बजेट व्यवस्थापन गरी माटो पटानी गर्ने सम्बन्धमा | ✓ | | | कार्यान्वयन प्रक्रिया अगाडि बढेको |
| १३ | पूर्ण खोपयुक्त नगरपालिका घोषणा सम्बन्धमा | ✓ | | | सिफारिस गरिएको |

२. नेपालको संविधान, नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना, लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजना, ठाकुरबाबा नगरपालिकाको गुरुयोजना तथा पहिलो आवधिक योजना, क्षेत्रगत नीति, कार्यनीति तथा अन्य कानूनी व्यवस्थाहरु, सङ्घ तथा प्रदेशबाट प्राप्त भएका निर्देशनहरु, राजनीतिक दलका प्रतिबद्धताहरु र नागरिक तथा अन्य सरोकारवालाहरुबाट प्राप्त भएका सुझावहरु समेतलाई मध्य नजर गरी ठाकुरबाबा नगरपालिका अन्तर्गतका विषयगत समितिहरु मार्फत मस्यौदा तयार पारेर बजेट तथा कार्यक्रम तर्जुमा समितिले सरोकारवालाहरुसँग छलफल गरी पेश गरेको ठाकुरबाबा नगरपालिकाको आ. व. २०८२।०८३ को नीति तथा कार्यक्रममा उल्लेखित नीतिहरुका सम्बन्धमा दफावार छलफल गरी आवश्यक परिमार्जन तथा संशोधनसहित स्वीकृतिका लागि आगामी नगर सभाको सत्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

३. "ठाकुरबाबा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (तेस्रो संशोधन, २०७९ सहित)" को दफा २ बमोजिम इजाजतपत्र जारी भएको तपसिल बमोजिमको फर्म दफा ३ बमोजिम तोकिएको समयभित्र विविध कारणले नवीकरण हुन नसकेको भनी निवेदन प्राप्त भएकोले ठाकुरबाबा नगरपालिकाको आर्थिक ऐन, २०८१ ले तोकेको दस्तुर तथा जरिवाना समेत लिई नवीकरण गरिदिनका लागि निर्देशन दिने निर्णय गरियो।

तपसिलः

| क. सं. | फर्मको नाम | फर्मको ठेगाना | प्रोपाइटरको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | एस. के. निर्माण सेवा | ठाकुरबाबा-१ | प्रज्वल रिजाल | नवीकरण |

४. ठाकुरबाबा नगरपालिकामा बसोबास गर्ने दीर्घ रोगबाट पीडित नागरिकहरुलाई मासिक प्रतिव्यक्ति रु. ५,०००।- (अक्षरुपी पाँच हजार मात्र) का दरले र थालासेमिया रोगबाट पीडित नागरिकहरुलाई मासिक प्रतिव्यक्ति रु. ३,०००।- (अक्षरुपी तीन हजार मात्र) का दरले उपचार खर्च बापत रकम भुक्तानी दिँदै आइएकोमा आ. व. २०८१।०८२ मा नयाँ दर्ता भएका तपसिल बमोजिमका व्यक्तिहरुलाई उपचार खर्च रकम भुक्तानी दिनका लागि निर्देशन दिने निर्णय गरियो।

तपसिलः

| क. सं. | लाभग्राहीको नामथर | उमेर/ लिङ्ग | नागरिकता/जन्मदर्ता नं. | वडा नं. | लक्षित समूह | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बाबुराम थारु | ६५/पु. | ४४६८१ | २ | मृगौला डायलाइसिस | ९८६०६५४८२१ | नयाँ दर्ता |
| २ | शान्ति थारु | ३७/म. | ६५१००५।२७३ | ५ | | ९८२२५४६४५५ | |

५. ठाकुरबाबा नगरपालिका वडा नं. ९, ठाकुरद्वारामा रहेको यस नगरपालिकाको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थल ठाकुरद्वारा मन्दिरमा नियमित पूजा अर्चना, साप्ताहिक आरती लगायतका कार्यहरुमा खर्च भएको रकम भुक्तानी दिनका लागि ठाकुरद्वारा मन्दिर व्यवस्थापन तथा विकास समितिको च. नं. ३१, मिति २०८२।०२।१८ गतेको पत्रानुसार अनुरोध भई आएको हुँदा ठाकुरबाबा नगरपालिकाको आ. व. २०८१।०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा आर्थिक विकास शाखाको पर्यटन प्रवर्द्धनअन्तर्गत "ठाकुरद्वारा मन्दिर लगायत स्थानीय मठ, मन्दिर, चर्च संरक्षण सम्बर्धन" शीर्षकमा विनियोजित बजेट रु.

७,००,०००।- (अक्षरुपी सात लाख) बाट रु. ३,००,०००।- (अक्षरुपी तीन लाख रुपैयाँ) विनियोजन गरी नियमानुसार करकट्टी गरी भुक्तानी दिनका लागि निर्देशन दिने निर्णय गरियो।

६. ठाकुरबाबा नगरपालिका वडा नं. १, भुरिगाउँमा रहेको गणेश मन्दिर मर्मत सम्भार तथा व्यवस्थापन गर्नका लागि बजेट माग आएको हुँदा ठाकुरबाबा नगरपालिकाको आ. व. २०८१।०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा "समपूरक कोष/जोड कोष" शीर्षकमा बिनियोजित बजेट मध्येबाट रु. ८०,०००।- (अक्षरुपी असी हजार रुपैयाँ मात्र) बजेट बिनियोजन गरी मन्दिर व्यवस्थापन समितिसँग सम्झौता गरी कार्य सम्पन्न गरे पश्चात नियमानुसार करकट्टी गरी रकम भुक्तानी दिनका लागि निर्देशन दिने निर्णय गरियो।

७. दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना-दोस्रो (इन्स्योर-II) अन्तर्गत यस नगरपालिकामा आ. व. २०८०।०८१ मा कार्यगत अभ्याससहितको तालिमका लागि प्राप्त बजेटबाट "प्रोफेसनल एकाउन्टेन्ट (१६९६ घण्टे) तालिम" सञ्चालन गर्नका लागि छनौट भएको तालिम प्रदायक संस्था श्री नेम इन्स्टिच्यूट, नेपालगञ्ज-१२, बाँकेसँग मिति २०८०।०८।२८ गते गरिएको सम्झौतामा बुँदा नं. 46.1 (a) मा तेस्रो किस्ता बापतको रकम ओजिटी तथा सीप परीक्षण परीक्षा सम्पन्न गरेपछि र अन्तिम किस्ता बापतको रकम सीप परीक्षण परीक्षामा न्यूनतम ८० प्रतिशत प्रशिक्षार्थी उत्तीर्ण भएपछि भुक्तानी दिने भन्ने व्यवस्था रहेको तर "प्रोफेसनल एकाउन्टेन्ट" विषयको सीप परीक्षणका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT)" ले हालको मितिसम्म पनि पाठ्यक्रम निर्माण गरी सीप परीक्षण गर्ने व्यवस्था नगरेको, प्रशिक्षार्थीहरुको तालिम सम्पन्न भएर तीन महिने ओजिटी समेत सम्पन्न भएको साथै निजहरुको लिखित तथा प्रयोगात्मक परीक्षामार्फत स्तर निर्धारण गरिएको र रकम भुक्तानी दिनका लागि सेवा प्रदायक संस्थाले निवेदन समेत पेश गरेको हुँदा "प्रोफेसनल एकाउन्टेन्ट (१६९६ घण्टे)" विषयक तालिमको तालिम प्रदायक संस्थालाई तेस्रो तथा अन्तिम किस्ता बापतको रकम भुक्तानी दिने निर्णय गरियो।

८. ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा मिति २०८०।०१।२८ गते प्रकाशित "विद्यालयको सिकाइ सुधार कार्यविधि, २०८०" मा तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो।

<u>तपसिल:</u>

- <u>दफा ५.४ को उपदफा (ख) संशोधन गर्ने:</u>

(ख) अनुसूची-४ र अनुसूची-५ बमोजिमको मूल्याङ्कनका आधारमा दफा ५.२ (ख) बमोजिमको सिफारिस समितिले प्रति विद्यालय रु. ७५,०००।- (अक्षरुपी पचहत्तर हजार) का दरले उत्कृष्ट तीन वटा विद्यालय र प्रति विषय शिक्षक रु. १०,०००।- (अक्षरुपी दस हजार) का दरले प्रत्येक विषयका तीन जना उत्कृष्ट शिक्षकलाई पुरस्कार तथा सम्मानका लागि शिक्षा समितिमा पेश गर्नेछ।

अनुसूची-४

(दफा ५.४ को उपदफा (ख) सँग सम्बन्धित)

ठाकुरबाबा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**शिक्षा, युवा तथा खेलकुद शाखा**

सैनबार, बर्दिया

## विद्यालय मूल्याङ्कनको आधार

विद्यालयको नामः

शैक्षिक शत्रः

| क्र. सं. | विषय क्षेत्रहरू | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | औषत उत्तीर्ण प्रतिशत<br>(प्रति १० प्रतिशत मा ५ अङ्कका दरले अधिकतम ३० अङ्क) | ३० | | |
| २ | औषत सिकाइ उपलब्धि प्रतिशत<br>(प्रति १० प्रतिशतमा २ अङ्कका दरले अधिकतम १० अङ्क) | १० | | |
| ३ | विद्यार्थी सङ्ख्या<br>(प्रति १० जनाको २ अङ्कका दरले अधिकतम १० अङ्क) | १० | | |
| ४ | विद्यालयले गरेको नवीनतम कार्यहरु तथा नयाँ प्रयास तथा त्यसको प्रभाव | १० | | |
| ५ | शिक्षक-विद्यार्थी अनुपातमा देखिने विद्यार्थी उच्चताको आधार | १० | | |
| ६ | अतिरिक्त शिक्षण प्रबन्ध (दिएको समय तथा व्यवस्थापनको आधारमा) | १० | | |
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन, अभिभावक सहभागिता र प्रतिवेदन | १० | | |
| ८ | सुपरीवेक्षकको मूल्याङ्कन | १० | | |
| | जम्मा | १०० | | |

### मूल्याङ्कन समितिको तर्फबाट मूल्याङ्कनकर्ताको

हस्ताक्षरः हस्ताक्षरः हस्ताक्षरः

नामथरः नामथरः नामथरः

पदः पदः पदः

अनुसूची-५

(दफा ५.४ को उपदफा (ख) सँग सम्बन्धित)

ठाकुरबाबा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

सैनवार, बर्दिया

## शिक्षकको मूल्याङ्कनको आधार

शैक्षिक शत्रः

विद्यालयको नामः

विषयः

तहः

शिक्षकको नामः

| क्र. सं. | विषय क्षेत्रहरू | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| | | १० | | |
| १ | उपस्थिति र अनुशासन | ४० | | |
| २ | विद्यार्थी उत्तीर्ण प्रतिशत | | | |
| (क) | गणित, विज्ञान र अङ्ग्रेजीमा उत्तीर्ण प्रतिशत ७० प्रतिशत भन्दा माथि (४० अङ्क) | | | |
| | गणित, विज्ञान र अङ्ग्रेजीमा उत्तीर्ण प्रतिशत ५५ देखि ७० प्रतिशत (३० अङ्क) | | | |

| | | | | |
|---|---|---|---|---|
| | गणित, विज्ञान र अङ्ग्रेजीमा उत्तीर्ण प्रतिशत ४० देखि ५५ प्रतिशत (२० अङ्क) | | | |
| (ख) | नेपाली र सामाजिकमा उत्तीर्ण प्रतिशत ८० प्रतिशत भन्दा माथि (४० अङ्क) | | | |
| | नेपाली र सामाजिक विषयमा उत्तीर्ण प्रतिशत ६५ देखि ८० प्रतिशत (३० अङ्क) | | | |
| | नेपाली र सामाजिक विषयमा उत्तीर्ण प्रतिशत ५० देखि ६५ प्रतिशत (२० अङ्क) | | | |
| (ग) | स्वास्थ्य, हाम्रो ठाकुरबाबा र ऐच्छिक विषयमा अधिकतम उत्तीर्ण प्रतिशत ९० प्रतिशत भन्दा माथि (४० अङ्क) | | | |
| | स्वास्थ्य, हाम्रो ठाकुरबाबा र ऐच्छिक विषयमा अधिकतम उत्तीर्ण प्रतिशत ७५ देखि ९० प्रतिशत (३० अङ्क) | | | |
| | स्वास्थ्य, हाम्रो ठाकुरबाबा र ऐच्छिक विषयमा अधिकतम उत्तीर्ण प्रतिशत ६० देखि ७५ प्रतिशत (२० अङ्क) | | | |
| ३ | सिकाइ उपलब्धि | १५ | | |
| | सिकाइ उपलब्धि ७० प्रतिशत भन्दा माथि (१५ अङ्क) | | | |
| | सिकाइ उपलब्धि ५५ देखि ७० प्रतिशत (१० अङ्क) | | | |
| | सिकाइ उपलब्धि ४० देखि ५५ प्रतिशत (५ अङ्क) | | | |
| ४ | अतिरिक्त कार्य जिम्मेवारी सम्पादन | ५ | | |
| ५ | कक्षामा अध्यापन गर्ने विद्यार्थी सङ्ख्या (प्रति १० जना विद्यार्थी २ अङ्कका दरले अधिकतम १० अङ्क) | १० | | |
| ६ | नवप्रवर्तनात्मक कार्य, परियोजना कार्य, खोज, अध्ययन तथा अनुसन्धान | १० | | |
| ७ | माथिल्लो कक्षामा समेत अध्यापन जिम्मेवारी | ५ | | |
| ८ | सुपरिवेक्षण एवं शिक्षा शाखाको अनुगमनको मुल्याङ्कन | ५ | | |
| | जम्मा | १०० | | |

**मुल्याङ्कन समितिको तर्फबाट मुल्याङ्कनकर्ताको**

हस्ताक्षरः
नामथरः
पदः

हस्ताक्षरः
नामथरः
पदः

हस्ताक्षरः
नामथरः
पदः

९. ठाकुरबाबा नगरपालिकाको आ. व. २०८१।०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा ३ नं. वडा कार्यालयअन्तर्गतका योजना तथा कार्यक्रमको सि. नं. ५ र ६ "विद्युत तार पोल मर्मत तथा व्यवस्थापन" शीर्षकमा रु. ४,००,०००।- (अक्षरुपी चार लाख) बजेट विनियोजन गरिएको र उक्त कार्यक्रम विद्युत प्राधिकरणको क्षेत्राधिकारसँग सम्बन्धित रहेको हुँदा नेपाल विद्युत प्राधिकरणमार्फत कार्यान्वयन गर्दा कार्यान्वयन गर्न सरल तथा सहज हुने भएकोले हाल नगरपालिकातर्फको रकम रु. ४,००,०००।- (अक्षरुपी चार लाख) सम्बन्धित शीर्षकबाट खर्च लेखाङ्कन गरी विद्युत प्राधिकरणको धरौटी खातामा जम्मा गर्न निर्देशन दिने निर्णय गरियो।